# पाठ ५९

१. फरिसी र व्यवस्थाका शिक्षकहरू येशूका चेलाहरूसँग किन रिसाए ?
- किनभने येशूका चेलाहरूले बूढाहरूले राखेको परम्परा मानेनन् ।

२. बूढाहरूको परम्परा के थियो ?
- ती परम्पराहरू फरिसीहरूले बनाएका थिए र भन्ने गर्थे कि परमेश्वरबाट स्वीकार्य हुनलाई तिनको पालना गर्नै पर्छ ।

३. के हामीले राखेका परम्पराअनुसार परमेश्वरले हामीलाई स्वीकार गर्नुहुन्छ ?
- हुदैन ।

४. के परम्पराहरू कायम राख्दैमा हाम्रो हृदय शुद्ध हुन्छ ?
- हुँदैन ।

५. येशूले फरिसीहरूलाई ढोङ्गी भन्नुभयो, ढोङ्ग के हो ?
- ढोङ्गी भनेको त्यो हो जसको भनाइ र गराइ एक हुँदैन बिल्कुल फरक हुन्छ ।

६. यशैया अगमवक्ताले यी मानिसहरूको बारेमा के भनेका थिए ?
- यशैया अगमवक्ताले यी मानिसहरूलाई तिनीहरूका ओठले परमेश्वरमा विश्वास गरेका छौं त भन्छन् तर तिनीहरूको हृदय परमेश्वरभन्दा धेरै टाढा हुन्छ भनेका छन् ।

७. फरिसीहरूले गरेको पूजा किन परमेश्वरले स्वीकार गर्नुहुन्न ?
- किनभने तिनीहरूको पूजा केवल ओठबाट निस्किन्थ्यो तर हृदयबाट होइन ।

८. के परमेश्वरले मानिसहरूले तिनीहरूका परम्परा उहाँको पुस्तक बाइबलमा हालून् भन्ने चाहनुहुन्छ ?
- चाहनुहुन्न ।
- हामीले परमेश्वरले बाइबलमा भन्नुभएको कुरामा केही पनि थप वा घट गर्नु हुँदैन ।

९. अशुद्ध हात वा अशुद्ध खाना खाएर मानिसहरू किन अशुद्ध हुँदैनन् ?
- किनभने अशुद्ध हात वा खानाले हाम्रो हृदय छुँदैनन् ।

१०. हामीले के खाएको वा नखाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

११. हामीले के लाएको वा नलाएको भन्ने कुराले परमेश्वरमा स्वीकारयोग्य बनाउँछ ?
- बनाउँदैन ।

१२. के कुराले मानिसलाई अशुद्ध पार्छ भनी येशूले भन्नुभयो ?
- मानिसको भित्र जे कुरा छ त्यसले मानिसलाई अशुद्ध पार्छ भनी येशूले भन्नुभयो ।

१३. हामी हरेकको हृदयभित्र हुने दुष्ट्याइँ के हो ?
- दुष्ट विचार, यौनिक अनाचार, चोरी, हत्या, व्यभिचार, लोभ, निर्दयी, छल, अश्लीलता, इर्श्या, अनादर र मूर्ख्याइँ ।

१४. येशूले भन्नुभएको दष्टान्तमा प्रार्थना गर्न मन्दिरमा गएका दुईजना मानिसहरू को हुन् ?
- एकजना फरिसी र अर्को कर सङ्कलक ।

१५. परमेश्वरले किन फरिसीलाई अस्वीकार गर्नुभयो ?
- किनभने फरिसीले उसभित्र अशुद्ध हृदय छ भन्ने कुर स्वीकार गरेन ।
- किनभने फरिसीले उसले परमेश्वरको विरुद्धमा पाप गरेको छ भन्ने कुरा स्वीकार गरेन ।

१६. परमेश्वरले किन कर सङ्कलकलाई स्वीकार गर्नुभयो ?
- किनभने कर सङ्कलकलाई ऊभित्र अशुद्ध आत्मा छ भनी थाहा थियो ।
- किनभने कर सङ्कलकले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा थाहा पाएको थियो ।
- किनभने कर सङ्कलकले मलाई बचाउनुहोस् भनी परमेश्वरलाई पुकारेको थियो ।

- एकदिन येशूले आफ्ना चेलाहरूसँग एउटा प्रश्न सोध्नुभयो ।

आउनुस् मर्कूस ८:२७-२८ पद पढौं ।

27 येशू र चेलाहरू सिजरिया फिलिप्पीका गाउँहरूमा जानूभयो। बाटोमा जाँदै गर्दा, येशूले आफ्ना
चेलाहरूलाई सोध्नुभयो, “मानिसहरूले म को हुँ भनी भन्दछन्?” 28 चेलाहरूले उत्तर दिए, “कति
मानिसहरूले तपाँईंलाई बप्तिस्मा दिने यूहन्ना भन्छन्। कति मानिसहरूले तपाईंलाई एलिया
भन्दछन्। अनि अरू कसैले तपाईंलाई अगमवक्ताहरूमा एकजना हुन् भन्दछन्।”

- येशूले उहाँका चेलाहरूसँग सोध्नुभएको प्रश्न के थियो ?
- म को हुँ भनी मानिसहरूले भन्छन् ?

- चेलाहरूको जवाफ के थियो ?

- केही मानिसहरू येशू बप्तिस्मा दिने यूहन्ना हुनुहुन्छ भनी ठान्थे ।

- केही मानिसहरू येशू एलीया हुनुहुन्छ भनी ठान्थे ।

- केही मानिसहरू येशू एकजना अगमवक्ताहरू मध्येका एक हुनुहुन्छ जो जीवित भइ आउनुभएको छ भनी ठान्थे ।

- मानिसहरू येशूलाई बप्तिस्मा दिने यूहन्ना हुनुहुन्छ भनि किन ठान्थे ?

- किनभने राजा हेरोदले बप्तिस्मा दिने यूहन्नालाई मारेका थिए केही मानिसहरू येशूका रूपमा बप्तिस्मा दिने यूहन्ना जीवित भइ फर्कि आउनुभएको छ भनी ठान्थे ।

- के येशू बप्तिस्मा दिने यूहन्ना हुनुहुन्थ्यो ?

- होइन ।

- मानिसहरू येशूलाई किन एलीया हुनुहुन्छ भनी ठान्थे ?

- एलीया को थिए ?

- एलीया एकजना परमेश्वरका अगमवक्ता थिए जो मरेका थिएनन् तर परमेश्वरबाट स्वर्गमा लगिएका थिए ।

- के येशू एलिया हुनुहुन्थ्यो ?

- होइन ।

- मानिसहरूले किन येशू अगवमवक्ताहरू मध्ये एक हुनुहुन्छ जो जीवित भइ आउनुभएको छ भनी ठान्थे ?
- किनभने अगमवक्ताहरूले सधैं परमेश्वरको प्रवक्ताको काम गर्थे र मानिसहरूलाई पश्चात्ताप गर्न भन्थे ।

- के येशू अगमवक्ताहरूमध्येबाट फर्किआउनुभएका मध्ये एक हुनुहुन्थ्यो ?

- हुनुहुन्नथ्यो ।

- येशूले आफ्ना चेलाहरूलाई अर्को के प्रश्न सोध्नुभयो ?

आउनुस् मर्कूस ८:२९ पद पढौं ।

29 त्यसपछि येशूले तिनीहरूलाई सोधे, "तिमीहरू म को हुँ भनी भन्दछौ?" पत्रूसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ।"

- येशूले आफ्ना चेलालाई अर्को कुन प्रश्न सोध्नुभयो ?

- तिमीहरू मलाई को हुँ भनी ठान्छौं ?

- पत्रुसको जवाफ के थियो ?

- तपाईं ख्रीष्ट हुनुहुन्छ ।

- पत्रुसलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी थाहा थियो जसको बारेमा आदम र हव्वासँग परमेश्वरले अदनको बगैंचामा प्रतिज्ञा गर्नुभएको थियो ।

- पत्रुसलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी थाहा थियो जसको बारेमा परमेश्वरले अब्राहाम, याकूब र इसहाकसँग प्रतिज्ञा गर्नुभएको थियो ।
- पत्रुसलाई येशू नै उद्धारकर्ता परमेश्वर ख्रीष्ट हुनुहुन्छ भनी थाहा थियो ।

- यद्यपि येशूले यहूदीहरूलाई धेरैचोटि भनिसक्नुभएको थियो तर धेरै यहूदीहरूले येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी विश्वास गरेनन् ।

- यद्यपि येशूले यहूदीहरूको सामुन्ने धेरै धेरै चामत्कारिक कामहरू गरिसक्नुभएको थियो तर पनि धेरै यहूदीहरूले येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी पत्याएनन् ।

- यदि हामीले येशूलाई उद्धारकर्ता परमेश्वर भनेर स्वीकार गरेनौं भने के हामी बचाइन्छौं ?
- बचाइदनौं ।

- त्यसपछि येशूले चेलाहरूलाई के भन्नुभयो ?

आउनुस् मर्कूस ८:३० पद पढौं ।

30 येशूले चेलाहरूलाई कडासित भन्नु भयो, "कसैलाई म को हुँ भनेर नभन्नु।"

- येशूले किन चेलाहरूलाई आफ्नो बारेमा अरू कसैलाई नभन्नु भनी आज्ञा दिनुभयो ?

- कसैले भनेको भरमा मानिसहरूले येशूमा विश्वास गरेको उहाँ चाहनुहुन्थ्यो ।

- येशू आफूलाई मानिसहरूले तिनीहरूको हृदयमा विश्वास जागेर विश्वास गरून् भन्ने चाहनुहुन्थ्यो ।

- यदि हामीले येशूमा विश्वास गर्छौं भने त्यो विश्वास हाम्रो हृदयबाट जाग्नुपर्छ ।

- हामी येशूलाई अरू कसैले भनेको आधारमा विश्वास गर्न सक्दैनौं ।

- त्यसपछि येशूले चेलाहरूलाई अब जे हुनेवाला थियो त्यसको बारेमा भन्नुभयो ।

आउनुस् मर्कूस ८:३१ पद पढौं ।

31 त्यसपछि उहाँले चेलाहरूलाई सिकाउन शुरु गर्नुभयो कि मानिसको पुत्रले धेरै कष्टहरूको सामना गर्नुपर्छ। येशूले तिनीहरूलाई सिकाउनु भयो, कि यहूदी बुढाहरू, मुख्य प्रधानहरू तथा शास्त्रीहरूले मानिसको पुत्रलाई अस्वीकार गर्नेछन्। उहाँले तिनीहरूलाई सिकाउनु भयो, कि मानिसको पुत्र मारिनु पर्छ अनि मरेको तीन दिनपछि बौरी उठ्नेछन्।

- येशूले अब हुन आउने के कुराको बारेमा आफ्ना चेलाहरूलाई बताउनुभयो ?

- जनताका अगुवाहरूले येशूलाई मार्नेवाला थिए तर उहाँ मृतकहरूबाट तीन दिन पछि बौरी उठ्नुहुनेवाला थियो ।

- के हुनेवाला छ भनेर येशूलाई कसरी थाहा भयो ?

- किनभने येशू परमेश्वर हुनुहुन्छ र उहाँलाई सबै कुरा थाहा छ ।

- येशूलाई थाहा नभएको कुनै पनि कुरा छैन ।

- जनताका अगुवाहरूले उहाँलाई मार्नेछन् भन्ने कुरा येशूलाई पहिल्यै थाहा थियो ।

- उहाँ मारिनै पर्छ भन्ने कुरा येशूलाई थाहा थियो ।

- तर येशूलाई उहाँ मरेको तीन दिनपछि फेरि बौरी उठ्नुहुनेछ भन्ने कुरा पनि येशूलाई थाहा थियो ।

- के तपाईंलाई योना नाम गरेका अगमवक्ता ठूलो माछाको पेटभित्र कति दिन र कति रात परेका थिए भन्ने सम्झना छ ?

- तीन रात र तीन दिन ।

- योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात परेजस्तै येशू पनि धर्तिको पेटभित्र तीन रात र तीन दिन पर्नुहुनेवाला थियो ।

- यति भनिसकेपछि येशूले पत्रुस, याकूब र यूहन्नालाई पहाडको टाकुरामा लानुभयो ।

आउनुस् मर्कूस ९:२-३ पद पढौं ।

[2]छ दिनपछि येशू, पत्रुस, याकूब र यूहन्नालाई लिएर अग्लो डाँडामा जानुभयो। त्यहाँ तिनीहरू मात्र थिए। जब ती चेलाहरूले उहाँलाई हेरिरहेका थिए, त्यहाँ येशूको रूप नै बद्लियो। [3]येशूको लुगाफाटा उज्यालो अनि चम्किलो भयो। लुगाफाटा यतिसम्म उज्यालो र सेतो भए, कि पृथ्वीको कुनैपनि सेतो पार्नेले त्यति सेतो पार्न सक्तैन ।

- पहाडको टाकुरामा के घटना भयो ?

- येशूको पत्रुस, याकूब र यूहन्नाको अगाडि रूप परिवर्तन भयो ।

- येशूको रूप परिवर्तन भएको भन्नुको अर्थ के हो ?

- यसको मतलब यही हो कि परमेश्वर जो येशूको हृदयमा हुनुहुन्थ्यो उहाँ प्रकाशित हुनुभयो भन्ने हो ।

- यद्यपि येशूको मानव शरीर थियो थियो तर उहाँ भित्रबाट पूर्ण परमेश्वर हुनुहुन्थ्यो ।

- के तपाईंलाई मरुभूमिमा मोसा र अरू इस्रेलीहरूले पाल बनाएको कुरा सम्झना छ ?

- पालको बाहिरी भाग छालाले बनेको थियो तर भित्र भने त्यसमा परमेश्वरको महिमा थियो ।

- जब मानिहरूले येशूलाई हेर्थे तब तिनीहरू उहाँलाई केवल एक मानव रूपमा मात्रै देख्थे ।

- तर भित्रबाट भने येशू परमेश्वर हुनुहुन्थ्यो ।

- अकस्मात त्यहाँ दुईजना मानिसहरू येशूको वरिपरि देखा परे ।

आउनुस् मर्कूस ९:४ पद पढौं ।

[4] जब तिनीहरूले हेरिरहेका थिए दुइजना मानिसहरू हाजिर भए, अनि तिनीहरू येशूसित बात गरिरहेका थिए। ती मोशा र एलिया थिए।

- एलिया को थिए ?

- एलिया एकजना परमेश्वरका अगमवक्ता थिए जो यस धर्तिमा येशू जन्मिनुभन्दा धैरै पहिले बाँचेका थिए ।
- धैरै वर्ष पहिले यलिया मर्नुभन्दा पहिल्यै तिनलाई परमेश्वरले जीवितै स्वर्ग लानुभयो ।

- मोसा को थिए ।

- मोसा एकजना अगुवा थिए जसले इज्रेलीहरूलाई मिश्रीहरूबाट छुटाएर ल्याए ।

- धैरै वर्ष पहिले मोसा मरे र परमेश्वरले तिनलाई स्वर्गमा लानुभयो ।

- किनभने एलिया र मोसाले परमेश्वरमा विश्वास गरे त्यसैले तिनीहरू धैरै वर्षदेखि परमेश्वरसँगै स्वर्गमा बसिरहेका थिए ।

- मोसा र एलिया धर्तिमा कसरी देखा परे ।

- पिता परमेश्वरले एलिया र मोसालाई येशूसँग कुरा गर्न धर्तिमा पठाउनुभयो ।

- परमेश्वर किन एलिया र मोसाले येशूसँग कुरा गरेको चाहुनहुन्थ्यो ?

- परमेश्वर मोसा र एलियाले येशूलाई उत्साह देऊन् भनी चाहनुहुन्थ्यो किनभने येशूको मर्ने दिन नजिकिँदै थियो ।

- त्यस पछि के भयो ?

आउनुस् मर्कूस ९:५-८ पद पढौं ।

[5] पत्रुसले येशूलाई भने, "गुरुज्यू, हामीलाई यसबेला यहाँ भएको असल छ। हामी यहाँ तपाईंकोलागि, मोशाको लागी र एलियाको लागि पाल बनाउँछौ।" [6] के भन्नु पर्नेहो सो पत्रुसलाई थाहा भएन किनभने उनी आफैं र अरू दुइजना चेलाहरू डराएका थिए। [7] त्यसपछि बादल आएर उनीहरूलाई ढाक्यो। बादलबाट एउटा आवाज आयो, अनि भन्यो, "यो मेरो प्यारो पुत्र हो, अनि म उसलाई माया

गर्छु। उसले भनेको पालन गर!" [8] अचानक जव पत्रुस, याकूब र यूहन्नाले वरिपरि हेरे तिनीहरूले त्यहाँ कसैलाई पनि देखेनन्। येशू मात्र उनीहरूसित थिए।

- बादलबाट गर्जिएको स्वर कसको लागि थियो ?
- पिता परमेश्वरको ।

- पिता परमेश्वरले चेलाहरूलाई के भन्नुभयो ?

- यी मेरा छोरा हुन् जसलाई म प्रेम गर्छु । यिनको कुरा सुन् । भन्नुभयो ।

- पिता परमेश्वरले भन्नु भएको कुरा के थियो ?

- पिता परमेश्वरले यही भन्नुभएको थियो कि येशू नै उद्धारकर्ता परमेश्वर हुनुहन्छ र जसलाई परमेश्वरले धेरै प्रेम गर्नुहुन्छ ।

- किनभने येशू ने उद्धारकर्ता परमेश्वर हुनुहुन्छ त्यसैले परमेश्वरले चेलाहरूले उहाँको कुरा सुनून् भन्ने चाहनुभयो ।

- आज के परमेश्वर हामीसँग स्वर्गबाट बोल्नुहुन्छ ?

- बोल्नुहुन्न ।

- किन बोल्नुहुन्न ?

- किनभने परमेश्वरले भन्न चाहनुभएका सबै कुरा परमेश्वरको पुस्तक बाइबलमा लेखिएका छन् ।

- परमेश्वर हामीले येशूको कुरा सुनेको चाहनुहुन्छ र उहाँको पुस्तक बाइबलमा लेखिएका कुरा पालना गरेको चाहनुहुन्छ ।